# जेनेरिक र ब्रान्ड नामका औषधीहरू

## Generic and Brand Name Medicines

Unless it is a new medicine, most prescription and over the counter medicines are sold by brand names and generic names.

**The active drug ingredients are the same** between the brand name and the generic name medicine according to laws in the United States.

The generic may look or taste different than the brand name medicine, but the generic name medicine must work the same way and just as quickly as the brand name medicine.

The generic and brand name medicines also share the same:

- Dose strength and way it is to be given
- Use, or the reason you take the medicine
- Side effects
- Safety

**Generics often cost less** than brand name medicines. New medicines or those with very limited use may not be available as generics.

नयाँ औषधी होइन भने, धेरैजस्ता प्रेस्क्रिप्शन र औषधी पसलबाट किन्न सकिने औषधीहरू ब्रान्ड नाम र जेनेरिक नामले बेचिन्छन्।

संयुक्त राज्यका कानूनबमोजिम ब्रान्ड नाम र जेनेरिक नाम औषधीहरूमा **सक्रिय औषध तत्वहरू समान हुन्छन्**।

जेनेरिक औषधी हेर्दा र स्वादमा ब्रान्ड नाम औषधीभन्दा भिन्दै हुन सक्छ, तर जेनेरिक औषधीले ब्रान्ड नामको औषधी सरहनै र त्यतिकै चाँडो असर गर्नु जरुरी छ।

जेनेरिक र ब्रान्ड नाम औषधीहरूमा यी चिजहरूपनि एक समान हुन्छन्:

- खुराकको तागत र सेवनको तरिका
- औषधीको प्रयोग वा सेवनको कारण
- हानिकर प्रभावहरू
- सुरक्षा

**जेनेरिक औषधी प्रायः** ब्रान्ड नामका औषधीहरूभन्दा कम मूल्यमा पाइन्छन्। नयाँ औषधीहरू वा अत्यन्तै सीमित प्रयोगमा आउने औषधीहरू जेनेरिक रूपमा उपलब्ध नहुन सक्छन्।

## Examples of generic and brand name medicines

- Acetaminophen is the generic name for Tylenol, used for pain and fever.
- Ibuprofen is the generic name for Motrin and Advil, used for pain, fever and inflammation.
- Warfarin is the generic name for Coumadin, used to prevent blood clots.
- Metformin is the generic name for

## जेनेरिक र ब्रान्ड नामका औषधीहरूका उदाहरणहरू

- पीडा र ज्वरोमा प्रयोग गरिने टाइलेनोल को जेनेरिक नाम एसेटामिनोफेन हो।
- पीडा, ज्वरो र शोथमा प्रयोग गरिने मोट्रिन र एडभिल को जेनेरिक नाम इबुप्रोफेन हो।
- रगतको चाको बन्नबाट रोक्नमा प्रयोग गरिने औषधी कौमाडिनको जेनेरिक नाम वारफारिन हो।
- रगतमा चिनीको स्तर नियन्त्रणमा मद्दत गर्न प्रयोग

Glucophage, used to help control blood sugar levels.

- Cephalexin is the generic name for Keflex, used to treat certain infections.

Generic name medicines are often packaged and labeled under the drug store or grocery store brand names, such as CVS or Walgreens.

गरिने औषधी ग्लुकोफेजको जेनेरिक नाम मेटफोर्मिन हो।

- केही संक्रमणहरूको उपचारमा प्रयोग गरिने औषधी केफ्लेक्सको जेनेरिक नाम सेफालेक्सिन हो।

जेनेरिक नामका औषधीहरूलाई प्रायः औषधी स्टोर वा किराना स्टोर ब्रान्ड नामहरू जस्तै सि.भि. एस. वा वालग्रिन्स अन्तर्गत प्याकेजिङ्ग र लेबलिङ्ग गरिन्छ।

## Compare the labels

For over the counter medicines, most stores will have the generic name medicine right beside the brand name medicine on the shelf.

Compare the labels on the medicines to be sure the brand and generic name medicines have the same **active ingredients**. Active ingredients are the medicines in a product that work to treat your problem. For example, the active ingredient, acetaminophen, is listed on the medicine label for both the brand name medicine and the generic medicine labels shown.


## लेबलहरूको तुलना

औषधी पसलबाट किन्न पाइने औषधीहरूका लागि प्रायःजस्ता पसलहरूले ब्रान्ड नामका औषधीहरूको साथैमा जेनेरिक नामका औषधीहरू राखेका हुन्छन्।

ब्रान्ड र जेनेरिक नामका औषधीहरूमा एकजस्तै **सक्रिय तत्वहरू** छन् भनी सुनिश्चित गर्नका लागि औषधीहरूका लेबलहरूको तुलना गर्नुहोस्। कुनै उत्पादनमा हुने सक्रिय तत्वहरू ती औषधीहरू हुन जसले तपाईंको समस्याको उपचार गर्दछन्। उदाहरणका लागि, एसेटामिनोफेन नामक सक्रिय तत्व, ब्रान्ड नामको औषधी र जेनेरिक औषधी दुवैका लेबलहरूमा लेखिएका हुन्छन्।

**Brand name medicine label** for acetaminophen





एसेटामिनोफेनका लागि **ब्रान्ड नाम औषधी लेबल**

**Generic name medicine label** for acetaminophen




एसेटामिनोफेनका लागि **जेनेरिक नाम औषधी लेबल**

There may be other ingredients in a product, such as dyes or colorings. These are called **inactive ingredients**. They do not change the amount of the active ingredients in a product.

उत्पादनमा अन्य तत्वहरू हुन सक्छन्, जस्तै वर्णहरू वा रङहरू यिनलाई **निष्क्रिय तत्वहरू भनिन्छ**। यिनले कुनै उत्पादनमा रहेका सक्रिय तत्वहरूको मात्रामा परिवर्तन गर्दै नन्।

## Use medicines safely

- Ask your doctor if there is any reason that you should not use a generic version of any medicine you take.
- Be sure you know the generic name of any brand name medicine you take.
- When refilling prescription medicines: If the medicine looks different or you do not recognize the medicine name on the label, ask the pharmacist to check that it is the right medicine for you.
- **Take the medicine as directed by your doctor or follow the medicine label. Do not take more medicine than what is recommended on the medicine label.** Taking more medicine may put you more at risk for side effects. Medicine dose amounts are set for your health and safety.
- **Follow the directions on the medicine label for how to take the medicine.** These directions help the medicine to work best in your body.
    - If the medicine says to take with food, then eat something when you take your medicine or take the medicine as you eat your meal.
    - If the medicine says to wait one hour before or after eating, then you should do so.
    - There may be other directions for taking medicines.

## औषधीहरूको सुरक्षित प्रयोग गर्नुहोस्

- तपाईंले सेवन गर्नुहुने कुनै औषधीको जेनेरिक रूपको प्रयोग तपाईंले गर्न नहुने कुनै कारण त छैन भनी आफ्ना डक्टरलाई सोध्नहोस्।
- तपाईंले सेवन गर्ने ब्रान्ड नामको कुनैपनि औषधीको जेनेरिक नाम तपाईंलाई थाहा भएको सुनिश्चित गर्नुहोस्।
- प्रेस्क्राइब गरिएका औषधीहरू फेरि किन्दाः यदि औषधी भिन्दै देखिन्छ वा तपाईंले लेबलमा औषधीको नामलाई चिह्न सक्नुहुन्न भने तपाईंको लागि सही औषधी यही नै हो भनेर जाँच्न फार्मासिस्टलाई सोध्नहोस्।
- **औषधीको सेवन तपाईंका डक्टरले निर्देश दिएबमोजिम गर्नुहोस् वा औषधीको लेबलको अनुगमन गर्नुहोस्। औषधीको लेबलमा निर्दिष्टभन्दा धेरै औषधीको सेवन नगर्नुहोस्।** धेरै औषधीको सेवनले तपाईंलाई हानिकर प्रभावको जोखिममा पार्नेछ। औषधीका खुराकको मात्रा तपाईंको स्वास्थ्य र सुरक्षाका लागि निर्धारित गरिएका हुन्।
- **औषधी कसरी खाने हो भनी औषधीको लेबलमा दिइएका निर्देशनहरूको अनुगमन गर्नुहोस्।** यी निर्देशनहरूले तपाईंको शरीरमा औषधीले राम्ररी असर गर्नमा मद्दत दिन्छन्।
    - औषधीमा खानाको साथ सेवन गर्नु भनिएको छ भने तपाईंले औषधी सेवन गर्दा केही खानुहोस् वा तपाईंले आफ्नो खाना खाँदा औषधी खानुहोस्।
    - औषधीमा सेवन गर्नुभन्दा एक घण्टाअघि वा खाएको एक घण्टापछि भनिएको छ भने तपाईंले त्यसै गर्नु पर्छ।
    - औषधी सेवनका लागि अन्य निर्देशनहरू पनि हुन सक्छन्।

- **Read the side effects of a medicine before taking it.** You may want to ask you doctor about when to stop taking medicine or when to seek medical treatment if the side effects are serious. Side effects are listed on a medicine label.
- **Ask the pharmacist for help** if you have any questions or you want to know if you have the right medicine.

**Talk to your doctor or nurse if you have any questions or concerns.**

- **औषधीको सेवनअघि यसका हानिकर प्रभावहरूबारे पढ्नुहोस्।** हानिकर प्रभावहरू गम्भीर छन् भने औषधीको सेवन कहिले बन्द गर्ने वा चिकित्सा उपचार कहिले खोज्ने भन्ने बारेमा तपाईंले आफ्ना डक्टरलाई सोध्न चाहन सक्नुहुन्छ। हानिकर प्रभावहरूको बारेमा औषधीको लेबलमा जानकारी दिइएको हुन्छ।
- तपाईंका कुनै प्रश्न छन् वा तपाईंले तपाईंसँग सही औषधी छ वा छैन भनी जान्न चाहनुहुन्छ भने **मद्दतका लागि फार्मासिस्टलाई सोध्नहोस्**।

**कुनै पनि प्रश्न वा जिज्ञासा भएमा आफ्नो चिकित्सक वा नर्ससँग कुरा गर्नुहोस्।**

© 2012 - March 4, 2020, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.